प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. १
विराटनगर, नेपाल।

# 'हामी स्वयम् सेवी अभियान' कार्यक्रमको निर्देशक र जिल्ला संयोजक नियुक्तिको लागि

पहिलो पटक मिति २०७९।०४।२४ गते प्रकाशित १५ दिने सूचना

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १ को बार्षिक स्वीकृत कार्यक्रममा रहेको 'हामी स्वयंसेवी अभियान' कार्यक्रमको सञ्चालनको लागि लागू भएको हामी स्वयम् सेवी अभियान (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को दफा १० मा व्यवस्था भएको कार्यक्रम समन्वय इकाईको निर्देशक र जिल्ला संयोजक पदका लागि इच्छुक नेपाली नागरिकले देहाय बमोजिम आवेदन पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ।

**देहाय**

१. माग गरिएको पद र संख्याः कार्यक्रम समन्वय इकाईको निर्देशक-१ जना र प्रदेश १ का १४ वटै जिल्लामा जिल्ला संयोजक १/१ गरी जम्मा १४ जना।

२. आवश्यक योग्यताः कार्यक्रम समन्वय इकाईको निर्देशकको हकमा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै पनि विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी लागू औषध वा सामाजिक क्षेत्र वा विपद् व्यवस्थापन क्षेत्रमा कम्तिमा दश वर्ष अनुभव प्राप्त गरेको, जिल्ला संयोजकको हकमा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै पनि विषयमा स्नातक उपाधि प्राप्त गरी लागू औषध वा सामाजिक क्षेत्र वा विपद् व्यवस्थापन क्षेत्रमा कम्तिमा पाँच वर्ष अनुभव प्राप्त गरेको साथै आवेदक ५८ वर्ष उमेर पूरा नभएको हुनु पर्नेछ।

३. दरखास्त बुझाउनुपर्ने समय, स्थान र अन्तिम मितिः आन्तरिक मामिला तथा कानून मन्त्रालयमा मिति २०७९ भाद्र ७ गते मंगलबार बेलुकाको ५ बजे भित्र।

४. दरखास्तको ढाँचाः मन्त्रालयको Website http://moial.p1.gov.np को डाउनलोड सेक्सनमा उपलब्ध छ।

५. विद्युतीय माध्यमबाट पेश गर्न ठेगानाः मन्त्रालयको इमेल ठेगाना moialprov1@gmail.com मा तोकिएको समयसीमा २०७९।०५।०७ गते बेलुकाको ५ बजे सम्ममा पठाई सक्नुपर्नेछ।

६. छनौट विधि
- कार्ययोजनाको प्रस्तुती
- अन्तर्वार्ता
- कार्ययोजनाको प्रस्तुती र अन्तर्वार्ताको मिति र समय मन्त्रालयको website मा २०७९।०५।०९ गते प्रकाशन गरिनेछ।

७. पारिश्रमिक र सुविधाः कार्यक्रम समन्वय इकाईको कार्यक्रम निर्देशकलाई अधिकृतस्तर नवौं तह वा सो सरहको सुरु तलब स्केल बराबरको तथा जिल्ला संयोजकलाई सहायक स्तर पाँचौ वा सो सरहको सुरु तलब स्केल भन्दा बढी नहुने गरी करार सम्झौतामा उल्लेख गरे बमोजिम पारिश्रमिक मात्र उपलब्ध गराइनेछ।

८. पेश गर्नु पर्ने अन्य कागजात
- नागरिकता प्रमाण पत्रको प्रतिलिपी
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी
- लागू औषध नियन्त्रण वा सामाजिक क्षेत्र वा विपद् व्यवस्थापन क्षेत्रमा योग्यतामा उल्लेखित अवधि काम गरेको प्रमाण पत्र
- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको, कुनै राजनीतिक दलको सदस्य नभएको तथा कुनै विदेशी मुलुकको आवासीय अनुमति प्राप्त नगरेको भनी स्वःघोषणा गरेको पत्र।
- कार्ययोजना
- आवेदन दस्तुर बुझाएको बैंक भौचर

९. पेश गर्नु पर्ने कार्ययोजनाको ढाँचाः
- पृष्ठभूमि
- प्रदेश नं. १ मा लागू औषध दुर्व्यसन, विपद व्यवस्थापन, नैतिक शिक्षाको विद्यमान अवस्था
- यस क्षेत्रमा रहेका मुख्य समस्या तथा चुनौतीहरू
- समस्या समाधानका उपायहरू
- कक्षा ९ देखि १२ सम्म अध्ययनरत किशोर किशोरीहरुलाई लागु औषध दुर्व्यसन नियन्त्रण, विपद् व्यवस्थापन, नैतिक शिक्षा प्रवर्द्धन गर्न सञ्चालन गर्न सकिने मुख्य कार्यहरु
- सो कार्यहरु सञ्चालन गर्ने संक्षिप्त योजना

१०. आवेदन दस्तुर
- कार्यक्रम समन्वय इकाई निर्देशक पदः रु. १०००।-
- जिल्ला संयोजक : रु. ७००।-
- आवेदन दस्तुर देहाय बमोजिमको बैंक खातामा जम्मा गरेको भौचर आवेदन साथ संलग्न गर्नु पर्नेः
- बैंकको नामः राष्ट्रिय वाणिज्य बैंक, विराटनगर शाखा
- राजस्व खाता नं : 1000100201010001
- कार्यालयको नामः आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगर
- कार्यालय कोडः 3140013011
- राजस्व शीर्षक नं.: 14229